# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०२।०९ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत जिल्ला कास्की मादी गाउँपालिका वडा नं. ९ का सेवाग्राहीसँग जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) कास्कीबाट खटिएका मादी गाउँपालिका कार्यक्षेत्र भएका सव-इन्जिनियर नवलेस कुमार रौनियारले सेवाग्राहीसँग घुस/रिसवत बापत रु.४०,५००।– (चालीस हजार पाँच सय) लिएको विषयमा जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) कास्कीबाट प्राप्त पत्र तथा संचारमाध्यमद्वारा प्रसारित सामग्रीसमेतको आधारमा निज सव-इन्जिनियर नवलेस कुमार रौनियारलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराबाट खटिएको टोलीले नियन्त्रणमा लिएको थियो ।

जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) कास्कीबाट मादी गाउँपालिका कार्यक्षेत्र भई खटिएका सबईञ्जिनियर नवलेस कुमार रौनियारले सोही गाउँपालिका वडा नं. ९ का भूकम्पपीडितबाट सेवाग्राहीहरूको भूकम्पमा परी भत्किको घर नयाँ बनाएवापत नेपाल सरकारबाट प्रदान हुने अनुदान रकमको दोश्रो र तेश्रो किस्ताको रकमबाट घुस/रिसवत वापतको रकम रु.४०,५००।०० (चालिस हजार पाँच सय) निज नवलेस कुमार रौनियारले नै घुस/रिसवत माग गरी लिएको व्यहोरा पुष्टि भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएकोले निज नवलेस कुमार रौनियारलाई बिगो रु.४०,५००।०० (चालिस हजार पाँच सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम जरिबाना र कैदको सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला